# माछापुच्छ्रे बैंक लिमिटेडको
# सत्रौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७२ चैत्र २७ गते बसेको संचालक समितिको ३०९ औं वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको सत्रौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

**मिति** : २०७३ साल बैशाख २६ गते (तदनुसार ८ मई २०१६), आईतबार
**समय** : विहान ११:०० बजे
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | डा. विरेन्द्र प्रसाद महतो | - | अध्यक्ष |
| (ख) | श्री गोपी कृष्ण न्यौपाने | - | सञ्चालक/लेखापरिक्षण समितिका संयोजक |
| (ग) | श्री ज्ञान प्रसाद कर्माचार्य | - | सञ्चालक |
| (घ) | श्री रोशन के.सी. | - | सञ्चालक |
| (ङ) | श्री राममान श्रेष्ठ | - | सञ्चालक |

(संचालक श्री प्रकाश के.सी.ज्यू बुबाको स्वास्थ्य उपचारको सिलसिलमा नेपाल बाहिर रहनु भएको र संचालक श्री मंगेशलाल श्रेष्ठज्यू विशेष परिस्थितीवस साधारण सभामा उपस्थित हुन नसक्ने व्यहोरा अध्यक्षज्यू मार्फत साधारण सभालाई जानकारी गराई अनुपस्थित रहनु भएको थियो ।)

### पदाधिकारीहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | श्री तुलसीराम गौतम | - | प्रमुख कार्यकारी अधिकृत |
| (ख) | श्री सुमन शर्मा | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| (ग) | श्री अर्जुन थापा | - | सहायक महाप्रबन्धक |
| (घ) | श्री सन्तोष कोईराला | - | सहायक महाप्रबन्धक |
| (ङ) | श्री टिका भट्टराई | - | कम्पनी सचिव |
| (च) | श्री सुभाष जमरकट्टेल | - | वित्त तथा योजना विभाग प्रमुख |
| (छ) | श्री ईश्वर बहादुर रावल | - | प्रशासन प्रमुख |

### पर्यवेक्षकहरूको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | श्री शशी सत्याल | - | टि.आर. उपाध्याय एण्ड कम्पनी, लेखापरिक्षक |
| (ख) | श्री बालकृष्ण ढकाल | - | कानूनी सल्लाहकार |

### शेयरधनीहरुको उपस्थिति :-

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | १५५ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | २०० जना |

Machhapuchchhre Bank Ltd. Corporate Office

४. **सभाको सुचना :**

सत्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०७१/७२ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरीने विषयहरु शेयरधनीहरुले, बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७२ कार्तिक २६ गतेको नागरिक दैनिकमा प्रकाशित भएको थियो भने सो पछि मिति २०७३ बैशाख ६ गतेको कारोबार दैनिक र मिति २०७३ बैशाख २४ गतेको नयाँ पत्रिका दैनिक, त्यसैगरि, पोखराबाट प्रकाशित हुने हिमदुत दैनिक, समाधान दैनिक र आदर्श समाज दैनिकमा समेत प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सुचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु :**

क. **सामान्य प्रस्ताब :**

१. आर्थिक वर्ष २०७१/७२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७२ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७१/७२ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पुर्ण वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक वर्ष २०७२/७३ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । ( हाल बहालवाला लेखापरीक्षक टि.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. २,८०,५४,७३७.०० (अर्थात हालको चुक्ता पुँजीको ०.८४ प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि) प्रदान गर्न स्वीकृत गर्ने ।

ख. **विशेष प्रस्ताव :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ५३,३०,४०,०००.०० बराबर ( अर्थात प्रत्येक १०० कित्ता शेयर बराबर १६ कित्ताका दरले) वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. प्रस्तावित बोनस शेयर जारि भई कायम हुने चुक्ता पूँजीको ५०% अर्थात प्रत्येक २ कित्ता शेयर बराबर १ कित्ताका दरले हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गर्ने ।

३. बैंकले आर्थिक वर्ष २०७१/७२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा भुकम्प पिडितका राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरिएको रकम लगायत अन्य आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ३२,४९,६३२.०० अनुमोदन गर्ने ।

४. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न) तथा प्राप्ती वा (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धि सम्झौता गर्न तथा सो सम्बन्धि आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. निम्न विषयहरुका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड ,आदि) ले संशोधन वा परिवर्तन गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन वा परिवर्तन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।



Scanned by CamScanner

(क) बैंकको अधिकृत पूँजी बृद्धि गरि रु. १०,००,००,००,०००/- (रु. दश अरब) पुऱ्याउने र विशेष प्रस्ताव नं. १ र २ बमोजिम जारि गरिने बोनस तथा हकप्रद शेयरको हदसम्म जारि पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,

(ख) संचालक समितिका अध्यक्ष र सदस्यको वैठक भत्ता बृद्धि गरि प्रति वैठक क्रमसः रु. १२,०००/- र रु. १०,०००/- कायम गर्ने र मोवाईल, पत्र पत्रिका र ईन्टरनेट खर्च बृद्धि गरि प्रति सदस्य मासिक रु. १३,०००/- कायम गर्ने,

(ग) संस्थापक समूहमा रहेको ६६.५६ प्रतिशत शेयरमध्ये १५.५६ प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरतर्फ परिणत गरि संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत शेयर कायम गर्न नेपाल राष्ट्र बैंक समक्ष संचालक समितिको सिफारिस सहित स्वीकृतीका लागि निवेदन दिईएकोमा नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त भई सकेको हुँदा सोही अनुरुप शेयर समूह परिणत गर्ने,

(घ) बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ९ बाट वागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. २, लाजिम्पाटमा स्थानान्तरण गर्ने,

(ङ) नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन नं.६/२०७२ को दफा १(१६) र दफा ३(१०) मा भएको व्यवस्था अनुसार बैंकका अध्यक्ष, सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने व्यवस्था कायम गर्ने,

**ग. विविध :** (विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| २१,३३७ (क-ख समुह) | ३५५ (स्वयं १५५ जना र प्रतिनिधिपत्रद्धारा २०० जना) | २,१९,६३,२३८ | ६५.९२% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धि सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशतभन्दा बढी अर्थात ६५.९२ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

आजको यस सभाको अध्यक्षता/सभापतित्व गरी दिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कार्वाही अगाडि बड्यो ।



Machhapuchchhre Bank Ltd. Corporate Office

## ८. प्रमुख कार्यकारी अधिकृतज्यूवाट स्वागत मन्तव्य :

बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकको यस सत्रौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । साथै, प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकको हालको अवस्था, भावि कार्यक्रमहरु तथा रणनीति र व्यापारिक कार्ययोजनाको सम्बन्धमा निम्न बमोजिम सभालाई जानकारी गराउनु भयो ।

- स्थापनाको १७ बर्षको अवधिमा माछापुच्छ्रे बैंकले १ एक्स्टेन्सन् काउण्टर सहित देशभरी कूल ५६ वटा शाखा सञ्जाल विस्तार गरिसकेको छ ।
- देशभरी बैंकका कूल ७१ वटा ATM काउण्टर रहेको छन् ।
- माछापुच्छ्रे बैंकले आफ्ना ग्राहकहरुलाई सक्दो राम्रो सेवा प्रदान गर्ने प्रतिवद्धता अनुरुप निक्षेपमा आकर्षक ब्याज, अत्याधुनिक बैकिङ्ग सेवा, साना लघु कर्जा तथा ठूला उद्यमी व्यवसायीक कर्जा आदि प्रदान गर्दै आएको छ ।
- बैंकमा हाल करिब ४ लाख ग्राहक संख्या, रु. ४८ अर्बभन्दा बढीको डिपोजिट र रु. ४१ अर्ब जतिको कर्जा लगानी रहेको छ । यी सूचकहरुले बैंकको बित्तीय स्थीति सुदृढ तथा सवल रहेको स्पष्ट देखिन्छ ।
- बैंकले साना तथा मझौला व्यवसाय कर्जा र कृषि कर्जामा समेत विशेष जोड दिदै आएको छ ।
- बैंकले सेफ डिपोजिट लकर सुविधा, ३६५ दिने बैकिङ्ग सुबिधा, सन्ध्याकालीन बैकिङ्ग सेवा, भिसाडेबिट कार्ड, मोबाइल बैंकिङ्ग, ईण्टरनेट बैंकिङ्ग, रेमिट्यान्स लगायत आधुनिक बैंकिङ्ग सेवा समेत प्रदान गर्दै आइरहेको छ । बैंकले प्रदान गर्ने यस्ता सेवाहरुलाई अझ बढी व्यवस्थीत, सहज तथा प्रभावकारी रुपमा सबै ग्राहक महानुभावहरुलाई प्रदान गर्न बैकले आफ्ना सबै शाखाहरुबाट यस्ता सेवाहरु उपलब्ध गराउने ब्यबस्था गरेको छ ।
- माछापुच्छ्रे बैकले आफ्नो दैनिक बैकिङ्ग कारोवार संचालनको लागि बिश्व बिख्यात Swiss Core Banking Software, Globus T24 को upgraded 12th Version प्रयोग गरि रहेको छ । जसको माध्यमबाट ग्राहकहरुले अत्याधूनिक बैकिङ्ग सेवा प्राप्त गरी रहेका छन् । बैकले आाफ्ना ग्राहक महानुभावहरुलाई Any Branch Banking सेवा, ग्राहकहरुको मासिक टेलिफोनको बिलको भुक्तानी सेवा, ग्राहकको मोवाईलको मासिक बिल भुक्तानी सेवा जस्ता सेवाहरु प्रभावकारीरुपमा उपलब्ध गराउँदै आएको छ ।
- बैकले ग्राहकहरुलाई रेमिटेन्स् सुविधा प्रदान गर्न संसार कै सबभन्दा ठूलो मध्येको रेमिटान्स् कम्पनी U.A.E Exchange संग सम्झौता गरेको, त्यसै गरि भारतबाट रेमिटेन्स् भित्राउन भारतको निजि क्षेत्रको एक ठूलो बैंकसंग सम्झौता गर्ने र दक्षिण कोरियाबाट रेमिटान्स् भित्राउन समेत आवश्यक पहल गरिरहेको छ ।
- बैंकले आफ्ना ग्राहकवर्गहरुलाई Credit Card तथा Technology Related अरु थप सेवाहरु समेत प्रदान गर्न आवश्यक गृहकार्य गरिरहेको छ ।
- बैंकले उचित जोखिम व्यवस्थापन, संस्थागत शुसासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई उच्च प्रथमिकता दिँदै आएको छ ।



Machhapuchchhre Bank Ltd. Corporate Office

- बैंकको संचालक समितिको उचित मार्गदर्शन तथा सहयोग, शेयरधनीहरुको सद्भाव, सल्लाह तथा कर्मचारी साथिहरुको व्यवसायिक कुशलता, कठिन परिश्रमका कारणले नै आज बैंकलाई यस उचाईमा पुऱ्याउन सफल भएको हुँदा सम्बन्धित सबैपक्षप्रति आभार प्रकट गर्दछौं ।
- बैंकले काठमाण्डौंको लाजिम्पाट स्थित आफ्नै भवन (MBL Tower) बाट बैकको कर्पोरेट कार्यालय संचालन गरेको छ । त्यस्तै, बैकको नयाँ बजार पोखरा स्थित बैकको प्रधान कार्यालय, दमौलि शाखा, बाग्लुङ्ग शाखा र मूस्ताङ्ग स्थित जोमसोम शाखा समेत बैकको आफ्नै स्वामीत्वमा रहेको भवनवाट संचालित रहेको छ भने रुपन्देहीको भैरहवामा रहेको बैंकको जग्गामा शाखा कार्यालयका लागि भवन निर्माण गर्ने योजना बनाएको छ ।
- अन्तमा, आगामी दिनहरुमा पनि सदा झै यहाँहरुवाट सहयोग, सद्भाव, सल्लाह प्राप्त भई नै रहनेछ भन्ने अपेक्षा राख्दै बैंकको यस १७ औं बार्षिक साधारण सभामा सहभागी हुन आउनु भएका शेयरधनी महानुभावहरुलाई बैंक परिवारको तर्फवाट पुनः स्वागत तथा आभार प्रकट गर्नुभयो ।

## ९. सभाका सभापतिज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूले आफ्नो मन्तव्य सहित बैंकको संचालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको मिति २०७२ आषाढ मसान्तको वासलात, मिति २०७१ श्रावण १ गतेदेखि मिति २०७२ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्बन्धित अनुसूचिहरु छलफलका लागि सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

यसै क्रममा साधारण सभामा पेश भएको विशेष प्रस्ताव नं. ५(घ) अन्तर्गत बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की, पोखराबाट वागमती अञ्चल, काठमाडौं, लाजिम्पाटमा स्थानान्तरण गर्ने प्रस्तावका सम्बन्धमा बैंकका पूर्व अध्यक्ष श्री सूर्यबहादुर के.सी.ज्यूको अनुरोध एवं बैंकका पोखरावासी शेयरधनीहरुको भावना समेतलाई सम्मान गर्दै मिति २०७३/०१/२४ मा वसेको बैंकको सञ्चालक समितिको ३११ औं बैठकबाट बैंकको केन्द्रिय कार्यालय पोखराबाट काठमाण्डौ स्थानान्तरण गर्ने प्रस्तावलाई स्थगित गर्ने निर्णय गरेको व्यहोरा साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

यसैगरि बैंकका पूर्व अध्यक्ष तथा संस्थापक शेयरधनी श्री सूर्यबहादुर के.सी.ज्यू हाल स्वास्थ्य उपचारको सिलसिलामा नयाँ दिल्ली, भारतमा रहनु भएको हुँदा उहाँको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै बैंकलाई हालको अवस्था सम्म ल्याउन उहाँले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै बैंकलाई उहाँको सुझाव सल्लाहको सदैव आवश्यक पर्ने विचार व्यक्त गर्नु भयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

१. **श्री अम्बर गुरुङ्ग :**

- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको चुक्ता पूँजी बृद्धि गर्न अपनाएको Capital Plan को सम्बन्धमा जिज्ञासा व्यक्त गर्नु भयो ।
- शेयरधनीहरु समक्ष समय मै बार्षिक प्रतिवेदन आईपुग्ने गरि पठाउने व्यवस्था गर्न अनुरोध गर्नु भयो ।



Machhapuchchhre Bank Ltd.

२. श्री युक्त बहादुर गुरुङ्ग

- बैंकको केन्द्रिय कार्यालय पोखरामा नै राख्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको स्वागत गर्नु भयो ।
- बैंकले बोनस शेयर तथा हकप्रद शेयर जारि गरि पूँजी बृद्धि गर्न प्रस्ताव गरेकोमा खुसी व्यक्त गर्नु भयो ।
- संचालक समितिको वैठक भत्ता बृद्धि गर्नु परेको सम्बन्धमा जिज्ञासा व्यक्त गर्नु भयो ।

३. श्री उत्सव श्रेष्ठ

- बैंकमा जोखिम व्यवस्थापन समिति रहे नरहेको र रहेको भए सो समितिले के कसरी कार्य गरिरहेको भन्ने सम्बन्धमा स्पष्ट पार्न अनुरोध गर्नु भयो ।
- बैंकको कानूनी खर्च अधिक भएको सम्बन्धमा चासो व्यक्त गर्नु भयो ।

४. श्री डम्मरु बल्लभ घिमिरे

- बैंकले बोनस शेयर तथा हकप्रद शेयर जारि गरि आँफै पूँजी बृद्धि गर्न लागेकोमा खुसी व्यक्त गर्नु भयो ।
- बैंकको केन्द्रिय कार्यालय पोखरामा नै राख्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको स्वागत गर्नु भयो ।
- कर्जा नोक्सानी व्यवस्था बढी भएकोमा चासो व्यक्त गर्दै सोलाई घटाउन प्रयत्न गर्नुपर्ने सुझाव व्यक्त गर्नु भयो ।
- मर्जर प्रकृया सफल नहुनुको कारण बारे जानकारी माग गर्दै मर्जरको कारणले रोक्का हुन गएको शेयर कारोबार यथाशिघ्र फुकुवा गर्न पहल गर्न सुझाव व्यक्त गर्नु भयो ।

५. श्री नारायण सुन्दर श्रेष्ठ

- बैंकले अपलेखन गरेका पूराना खराब कर्जाहरु उठाउन थप पहल गर्नु पर्ने सुझाव व्यक्त गर्नु भयो ।
- एकै पटक ठूलो अनुपातको हकप्रद शेयर जारि गर्दा शेयरधनीहरुलाई रकम राख्न कठिन हुने विचार व्यक्त गर्दै अधिकृत पूँजी रु. ८ अरब मात्र नगरी रु. १० अरब कायम गर्नु परेको कारणबारे जिज्ञासा व्यक्त गर्नु भयो ।
- बैंकको व्यवसाय संचालन गर्दा संस्थागत सुशासनमा कुनै सम्झौता गर्न नहुने सुझाव व्यक्त गर्नु भयो ।

६. श्री शान्त बहादुर गुरुङ्ग

- साधारण सभाको लागि शेयरधनीहरुलाई बैंकको बार्षिक प्रतिवेदन समय मै घर घरमा पुग्ने गरि पठाउने व्यवस्था गर्न अनुरोध गर्नु भयो ।
- साधारण सभा सञ्चालन गर्नु पूर्व पानसमा वत्ती बाली उद्घाटन गर्ने र राष्ट्रिय धुन बनाउने व्यवस्था गर्न सुझाव व्यक्त गर्नु भयो ।
- कर्मचारी व्यवस्थापन चुस्त गर्नु पर्ने र प्रति कर्मचारी उत्पादकत्व बृद्धि गर्न पहल गर्नु पर्ने ।
- बैंकको केन्द्रिय कार्यालय पोखरामा नै राख्ने निर्णय स्वागतयोग्य भएको भन्दै धन्यवाद ज्ञापन गर्नु भयो ।



Machhapuchchhre Bank Ltd. Corporate Office

७. श्री रोज कुमार श्रेष्ठ

- बैंकले प्रत्येक बर्ष लाभांश वितरण गर्न सफल हुँदै गएकोमा खुसी व्यक्त गर्नु भयो ।
- अपलेखन गरि कर्जा असुल उपरको लागि मुद्दा चलिरहेक झण्डै डेड अरब रुपैयाँको कर्जा असुल उपरमा थप पहल गर्न सुझाव व्यक्त गर्नु भयो ।
- १५.५६ प्रतिशत संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने प्रस्ताव स्वागत योग्य भएको विचार व्यक्त गर्नु भयो ।

८. श्री उद्धव प्रसाद घिमिरे

- उहाँले आफ्नो सुझावहरु लिखित रुपमा नै बुझाउनु भएको व्यहोरा जानकारी गराईयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको प्रत्युत्तर :**

वक्ताहरुको बोल्ने क्रम सकिएपछि सभापतिज्यूले बैंकको गतिविधिका सम्बन्धमा शेयरधनीहरुबाट प्राप्त सुझाव तथा प्रतिकृयाको लागि धन्यवाद व्यक्त गर्दै यस्ता रचनान्मक सुझावहरुलाई बैंकको संचालक समिति र व्यवस्थपनले सहर्ष ग्रहण गरि आवश्यकता अनुसार लागु गर्दै जाने जाने प्रतिवद्धता व्यक्त गर्नु भयो । बैंकले अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा समेत लाभांश दिन सफल भएकोमा खुसी व्यक्त गर्दै आगामि बर्षहरुमा समेत यसलाई निरन्तरता दिन तथा सोलाई अझै बृद्धि गर्दै लैजान प्रयत्नशिल रहने जानकारी गराउनु भयो । बैंकले खर्चमा उचित कटौती गर्ने रणनीति अवलम्बन गर्ने, तर बैंकको हितको लागि गर्नुपर्ने खर्चमा कमी नगर्ने व्यहोरा जानकारी गराउँदै संस्थागत सुशासन सुदृढ गर्ने, मानव संशाधनलाई थप Productive बनाउने र लाभांशमा बृद्धि गर्ने कुरामा विश्वस्त रहेको वताउनु भयो ।

माछापुच्छ्रे बैंक र जनता बैंक नेपाल लिमिटेड बीच मर्जर गर्न प्रकृयाको सम्वन्धमा उठेका जिज्ञासाको सम्बन्धमा उक्त दुई बैंक बीचको Share Swap Ratio संशोधन गर्ने कुरामा सहमत हुन नसकेको हुँदा दुवै बैंकका संचालक समितिको संयुक्त वैठकबाट नै मर्जरमा नजाने निर्णय भई बैंकले संशोधित पूँजी बृद्धि योजना बनाई अगाडि बढेको जानकारी गराउनु भयो । यसैगरि नेपाल राष्ट्र बैंकबाट जारि निर्देशन अनुरुप समानुपातिक रुपमा पूँजी बृद्धि गर्नु पर्ने भएको हुँदा हाल २:१ अनुपातमा हकप्रद शेयर जारि गर्न प्रस्ताव गरिएको व्यहोरा अवगत गराउनु भयो । बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की, पोखराबाट वागमती अञ्चल, काठमाडौं, लाजिम्पाटमा स्थानान्तरण गर्ने प्रस्तावलाई बैंकको संचालक समितिबाट नै स्थगित गर्न गरेको निर्णयलाई शेयरधनीहरुले स्वागत गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । बैंकका पूराना र उठ्न नसकेका खराब कर्जाहरु असुल उपरका लागि बैंकले यथोचित प्रयास गरिरहेको जानकारी गराउँदै सोमा अझ प्रयत्नशिल रहने प्रतिवद्धता व्यक्त गर्नु भयो । अन्य समकालिन बैंकहरुको तुलनामा यस बैंकको कर्मचारी खर्च केही बढी भएको सम्बन्धमा बैंकको व्यवसाय अभिबृद्धि गर्दै प्रति कर्मचारी उत्पादकत्व बृद्धि गर्ने तर्फ अगाडि बढ्ने जानकारी गराउनु भयो । प्राप्त सुझाव तथा प्रतिक्रियाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै उहाँहरुबाट व्यक्त जिज्ञासाहरुलाई सम्बोधन गर्न प्रमुख कार्यकारी अधिकृतज्यूलाई समय दिनुभयो ।

**बैंकका प्रमुख कार्यकारी अधिकृत श्री तुलसीराम गौतमज्यूले दिनु भएको जवाफ :**

शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७१/७२ को वित्तीय विवरण तथा बैंकको कृयाकलापका सम्बन्धमा सुक्ष्म विश्लेषण गरेर दिनुभएका महत्वपूर्ण एवं सकारात्मक सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै बैंक सञ्चालनका सम्बन्धमा शेयरधनीहरुले दिनु भएका सम्पूर्ण राम्रा सुझावहरुलाई बैंकले लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै, शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

— नेपाल राष्ट्र बैंकले निर्देशित गरेको व्यवस्था अनुरुप नै बैंकमा जोखिम व्यवस्थापन समिति रहेको र सो समितिले नियमित रुपमा वैठकहरु वसी बैंकिङ्ग कारोबारका विभिन्न क्षेत्रहरुमा हुन सक्ने जोखिम व्यवस्थापनको लागि क्रियासिल रहेको छ ।

— बैंकले मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप मिति २०७४ आषाढ मसान्तसम्म चुक्ता पूँजी रु. ८ अरब नै पुऱ्याउने लक्ष्य भएता पनि भविष्यमा आवश्यक पर्न सक्ने सम्भावनालाई मध्यनजर राख्दै अधिकृत पूँजी रु. १० अरब कायम गरिएको हो । चुक्ता पूँजी पनि अधिकृत पूँजी बराबर तत्कालै बृद्धि गरि हाल्नु पर्ने अवस्था होइन ।

— कर्मचारी खर्चको सम्बन्धमा उठेको जिज्ञासाको सम्बन्धमा कर्मचारीहरुलाई प्रदान गर्दै आएको सेवा सुविधा घटाउने नभई प्रति कर्मचारी व्यवसायको दर भने अभिबृद्धि गर्दै लैजाने बैंकको नीति रहेको छ ।

— कानूनी खर्च बढी भयो भन्ने सम्बन्धमा असुल उपर हुन नसकेका खराब कर्जाहरु असुल उपरको लागि बैंकले ऋण असुली न्यायाधिकरणमा मुद्दा दर्ता गर्दा माग दावीको निश्चित प्रतिशत रकम ऋण असुली न्यायाधिकरणमा बुझाउनु पर्ने कानूनी व्यवस्था अनुरुप भएको खर्च हो ।

— संचालकहरुको बैठक भत्ताको सम्बन्धमा हाल बैंकमा कायम रहेको संचालक समितिको बैठक भत्ताको दर बर्षौं अघिदेखि यथावत कायम रहेको र बैंकिङ्ग व्यवसायमा भएको अभिबृद्धि, देशको मुद्रा स्फिती तथा हालको बैंकिङ्ग क्षेत्रका अन्य बैंकहरुमा रहेको भत्ताको दरसमेलाई मध्यनजर राख्दै सोलाई समय सापेक्ष बनाउन आवश्यक भएको हो ।

— बैंकले दायर गरेका र बैंक उपर दायर भएका केही मुद्दाहरुमा बैंकको विपक्षमा फैसला भएको सम्बन्धमा बैंकले उक्त मुद्दाहरुको फैसला उपर पुनरावेदन गरिरहेको र हाल अदालतमा विचाराधिन रहेको छ ।

## ११. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७१/७२ को संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०७२ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७१/७२ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७२/७३ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखापरिक्षण समितिले कम्पनी ऐनको दफा १६५(घ) बमोजिम लेखापरीक्षकको रुपमा नियुक्त हुन योग्य बैंकका साविक लेखापरिक्षक टि.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टस् नियुक्तीका लागि सिफारिश गरेको र निजलाई आर्थिक बर्ष २०७२/७३ का लागि लेखा परिक्षण शुल्क, कर लेखापरिक्षण शुल्क, LFAR शुल्क, कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन प्रमाणीकरण शुल्क तथा लेखापरिक्षण गर्ने सिलसिलामा लाग्ने अन्य सम्पूर्ण खर्चको लागि कर वाहेक रु. १३,००,०००/- (अक्षेरुपी तेह्रलाख मात्र) सिफारिस गरेको हुनाले सो सिफारिस साधारण सभाबाट स्वीकृतीका लागि सभापतिको अनुमतिले लेखापरिक्षण समितिका संयोजक श्री गोपी कृष्ण न्यौपानेज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई सर्वसम्मतिले पारित गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. २,८०,५४,७३७.०० (अर्थात हालको चुक्ता पुँजीको ०.८४ प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि) प्रदान गर्न पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।



Machhapuchchhre Bank Ltd. Corporate Office

(ख) विशेष प्रस्ताव तर्फ :

१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ५३,३०,४०,०००.०० बराबर (अर्थात प्रत्येक १०० कित्ता शेयर बराबर १६ कित्ताका दरले) बोनस शेयर वितरण गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिम प्रस्तावित बोनस शेयर जारि भई कायम भएको चुक्ता पूँजीको ५०% अर्थात प्रत्येक २ कित्ता शेयर बराबर १ कित्ताका दरले हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. विशेष प्रस्ताव नं. ३ बमोजिम बैंकले आर्थिक वर्ष २०७१/७२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा भुकम्प पिडितका राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरिएको रकम लगायत अन्य आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ३२,४९,६३२.०० अनुमोदन गरियोस भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरियो ।

४. विशेष प्रस्ताव नं. ४ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न) तथा प्राप्ती वा (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धि सम्झौता गर्न तथा सो सम्बन्धि आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. विशेष प्रस्ताव नं. ५ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्तावमा संलग्न विषयहरुका सम्बन्धमा बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल, कास्की, पोखराबाट वागमती अञ्चल, काठमाडौं, लाजिम्पाटमा स्थानान्तरण गर्ने प्रस्तावलाई बैंकको सञ्चालक समितिको बैठकबाट स्थगित गर्ने निर्णय भएको हुँदा केन्द्रीय कार्यालय स्थानान्तरण सम्बन्धि प्रबन्धपत्रको दफा २(१) र २(२) र नियमावलीको नियम (२) को संशोधन प्रस्ताव वाहेक प्रबन्धपत्रको अन्य दफाहरु ५(क), ५(ख), ५(ग), ५(घ) र ५(ङ) तथा नियमावलीको नियम ८(३), २०(४), २९(१)(क) र २९(१)(घ) मा निम्न बमोजिम संशोधन गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक फेरबदल/परिमार्जन/थपघट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।



Machhapuchchhre Bank Ltd. Corporate Office

प्रबन्धपत्र

**दफा ५ : बैंकको पूंजीको संरचना :**

(क) बैंकको अधिकृत पूँजी रू. १०,००,००,००,०००/- (अक्षेरुपी दश अरब) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले १०,००,००,००० (दश करोड) थान साधारण शेयरमा बिभाजित गरिएको छ ।

(ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रू. ५,७९,६८,१०,०००/- (अक्षेरुपी पाँच अरब उनन्अस्सी करोड अठसट्ठी लाख दश हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ५,७९,६८,१०० (पाँच करोड उनन्अस्सी लाख अठसट्ठी हजार एक सय) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रू.५,७९,६८,१०,०००/- (अक्षेरुपी पाँच अरब उनन्अस्सी करोड अठसट्ठी लाख दश हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ५,७९,६८,१०० (पाँच करोड उनन्अस्सी लाख अठसट्ठी हजार एक सय) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

(घ) बैंकले जारी पूँजीको ४९ प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्टाएको छ ।

(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ । सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ । यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

नियमावली

**नियम ८ : सञ्चालकको संख्या र कार्यकाल :**

(३) सञ्चालकहरुको कार्यकाल चार वर्षको हुनेछ । तर, सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालक लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैन ।

**नियम २० : प्रवन्ध सञ्चालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रवन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउने :**

(४) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ । तर, निज लगातार दुई पटकभन्दा बढी उक्त पदमा नियुक्त हुन सक्ने छैन ।

**नियम २९ : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**

(१)(क) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रू.१२,०००/– (रुपैयाँ बाह्र हजार) र सञ्चालकले पाउने बैठक भत्ता रू.१०,०००/– (रुपैयाँ दश हजार) हुनेछ ।

(१)(घ) मोवाईल, पत्रपत्रिका तथा ईन्टरनेट खर्च प्रति महिना रू.१३,०००/– (रुपैयाँ तेह्र हजार) पाउने छ ।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

## १२. सभापतिज्यूबाट सभाको विषर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र संचालक समितिबाट स्थगित गर्ने निर्णय गरिएको विशेष प्रस्ताव नं. ५ को (घ) मा उल्लेखित बैंकको प्रधान कार्यालय काठमाडौं स्थानान्तरण गर्ने सम्बन्धि प्रबन्धपत्रको दफा २(१) र २(२) तथा नियमावलीको नियम (२) को संशोधन प्रस्ताव वाहेक अन्य सम्पूर्ण प्रस्तावहरु सभाबाट पारित भएको घोषणा गर्नुभयो ।

शेयरधनी महानुभावहरुले समय समयमा प्रदान गर्दै आउनु भएका सल्लाह सुझावले बैंकलाई नीति निर्धारण गर्न एवम् बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्वपूर्ण मार्ग निर्देशन प्राप्त हुँदै आएको जानकारी गराउनु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरीदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्स्चेञ्ज प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्दै आजको यो सत्रौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

..................
टिका भट्टराई
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd. * Corporate Office *

..............................
डा. बिरेन्द्र प्रसाद महतो
सभाका सभापति/ अध्यक्ष